# प्रदेश समन्वय परिषद्को पाँचौ बैठकका निर्णयहरुः

मितिः२०७८ चैत्र २ गते

१. संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने आयोजनाहरूको स्पष्ट क्षेत्र निर्धारण गरी प्रदेशले आयोजनाहरू तय गर्दा टुक्रे आयोजनाहरूको सट्टा एउटा मापदण्ड तयार गरी न्यूनतम रकम निर्धारण गरी निर्माण गर्नुका साथै प्रदेशबाट सञ्चालित आयोजनाहरूको गुणस्तरियता अभिवृद्धिको लागि नियमित र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन कार्यका लागि स्थानीय तहको समन्वय र सहकार्यमा जिल्लास्थित कार्यालयहरूलाई अभिप्रेरित गर्ने ।

२. प्रदेशको आन्तरिक स्रोत पहिचान गरी राजश्व वृद्धि गर्नका लागि प्रदेश भित्र पहिचान भैसकेका क्षेत्रहरूमा करको दरमा भन्दा बढि दायरामा केन्द्रित भै संकलन कार्यलाई तीव्रता दिने, अन्य प्रदेशहरूसँग समेत समन्वय गरी करको दरलाई वैज्ञानिक बनाउँदै प्रदेशवासीलाई कर तिर्नुपर्छ भन्ने भावनाको विकास गराउँदै अधिक व्यक्ति तथा संस्थाहरूलाई करको परिधिभित्र ल्याउने ।

३. संघमा निजामती सेवा ऐन आउन ढिलो भएको कारण प्रदेशमा जनशक्ति भर्नामा ढिलाई भइरहेको अवस्थामा अधिकांश स्थानीय तहहरू जनशक्तिको अभावमा कार्यसम्पादनमा कठिनाइ भइरहेको देखिएकोले शीघ्र निजामती सेवा ऐन ल्याउन नेपाल सरकारसमक्ष अनुरोध गरी पठाउने साथै प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा गठन तथा सञ्चालन ऐन निर्माण कार्यलाई शीघ्रताका साथ अघि बढाउने ।

४. छिटो-छिटो हुने कर्मचारी सरुवाले प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन प्रणालीलाई असर गर्ने गरेकोले कर्मचारी व्यवस्थापन तथा सरुवा प्रणालीलाई व्यवस्थित बनाउन नेपाल सरकार तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

५. विकास निर्माणका लागि वन क्षेत्रमा रहेका विद्यमान कानूनी व्यवस्थाले गर्दा केही ढिलाई हुने गरेको, खेर गइरहेको काठको समुचित उपयोग गर्न जटिलता रहेको सन्दर्भमा वन क्षेत्र, वन पैदावार र वन्यजन्तुको संरक्षण र विकासका लागि मौजुदा कानूनी व्यवस्थाहरूलाई समयानुकुल परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकता देखिएकोले वन सम्वर्द्धन प्रणालीलाई व्यवस्थित गर्दै मौजुदा वन सम्बन्धी कानूनहरूको परिमार्जन गर्न प्रदेश सरकार तथा संघीय सरकार समक्ष अनुरोध गर्ने ।

६. प्रदेश भित्र हुने सडक दुर्घटनाको उच्च दरले दिनहुँ नागरिकले अकालमा ज्यान गुमाउन बाध्य भैरहेको अवस्थालाई मध्यनजर गर्दै यसका लागि तीनै तहका सरकारहरूको समन्वय र सहकार्यमा जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।

७. प्रदेशबाट सञ्चालित स्मार्ट कृषि गाउँ कार्यक्रमबाट प्रदेशका कृषकहरूले लाभ लिइरहेको भएतापनि यसले प्रदेशका सबै जिल्लाहरूले समानढंगले फाइदा लिन नसकेको अवस्था देखिएको हुँदा यो कार्यक्रमलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउँदै लगि प्रभावकारीता थप अभिवृद्धि गर्ने ।

८. ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा, पहाडबाट तराईमा हुने बसाइसराइलाई न्यूनीकरण गर्नका लागि स्थानीय तहमा औधोगिक क्षेत्र स्थापना, गुणस्तरिय शिक्षा, स्वास्थ्य लगायतको प्रबन्ध मिलाउनुपर्ने आवश्यकता देखिएकोले वार्षिक नीति तथा कार्यक्रम र बार्षिक बजेट निर्माण गर्नुभन्दा अगाडि व्यापकरुपमा छलफल गरी प्रदेश तथा स्थानीय तहमा गौरवका आयोजना सञ्चालन गर्ने, एक स्थानीय तह एक औधोगिक ग्राम स्थापना लगायतका कार्यक्रम निर्धारण गरी कार्यान्वयनमा ल्याउने,

९. कर्मचारी र जनप्रतिनिधि बीच हुने असमझदारीको न्यूनीकरण गर्दै अगाडि बढ्नको लागि प्रदेश सुशासन केन्द्र मार्फत प्रदेशभित्रका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहसँगको समन्वयमा

आवश्यकता पहिचान भए अनुसार गर्ने। प्रदेश सुशासन केन्द्र सञ्चालनका लागि स्थानीय तहको समेत प्रतिनिधित्व हुने गरी कार्यकारी समिति बनाउन प्रदेश सरकारमा अनुरोध गर्ने ।

१०. प्रदेश राजधानी निर्माण कार्यलाई प्रदेश सरकारले गौरवको रुपमा लिई कार्य गरिरहेको सन्दर्भमा प्रदेश भित्रका स्थानीय तहहरूले समेत यसका लागि सहयोग पुऱ्याई यो निर्माण कार्यलाई चुस्त, दुरुस्त बनाउने ।

११. कृषि क्षेत्रको विकासका लागि प्रदान गरिने अनुदानलाई प्रभावकारी बनाउँदै बाँझो जमिनको समुचित प्रयोगमा प्रदेश सरकार र स्थानीय तहहरूले अभियानकै रुपमा कार्यक्रम सञ्चालन मार्फत आयात प्रतिस्थापनका लागि जुटेर अघि बढ्ने ।

१२. खानी र खनिजजन्य बस्तु तथा ढुंगा, गिट्टी, बालुवाको उत्खनन लगायतमा कानूनी प्रबन्ध गर्नको लागि नेपाल सरकारसँगको समन्वय र सहकार्यमा कार्य अगाडि बढाउँदै राज्यले सो क्षेत्रबाट प्राप्त गर्ने राजश्वको मात्रालाई अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।